नेशनल हाईड्रो पावर कम्पनी लि.
National Hydro Power Co. Ltd.

बिनायकनगर-१०, नयाँ बानेश्वर, काठमाडौं

Unaudited Balance sheet (Quaterly)

As on 31st Ashadh 2080

Fourth Quarter of Fiscal Year 2079/80

Amount in NPR

Particulars	This Quarter ending As on 31st Ashadh 2080	Previous Quarter ending As on 30th Chaitra 2079	Corresponding Previous Quarter ending As on 32nd Ashadh 2079
ASSETS			
Non- Current Assets:			
Property, Plant and Equipment			
Gross Block	2,055,544,375	2,042,382,197	2,034,137,736
Less: Accumulated Depreciation	1,053,058,880	1,037,556,998	994,496,460
Net Block	**1,002,485,495**	**1,004,825,199**	**1,039,641,276**
Project Work In Progress			
Project WIP- Lower Indrawati 4.5 MW	901,477,012	769,502,242	70,943,841
Investments	**107,030,500**	**107,030,500**	**450,030,500**
Sunkoshi Hydro Power Company	-	-	350,000,000
Lower Erkhuwa Hydropower Company Pvt.Ltd.	99,575,000	99,575,000	99,575,000
Ujyalo Enegry Solution- Likhu Khola	7,000,000	7,000,000	-
Others	455,500	455,500	455,500
Current Assets:			
Advances & Receivables	197,212,180	116,920,290	403,373,225
Sundry Debtors	21,549,381	9,240,042	20,788,350
Cash & Cash Equivalent	2,028,186	3,275,663	403,790
	2,231,782,754	**2,010,793,936**	**1,985,180,982**
EQUITY AND LIABLITIES			
Shareholders' Funds			
Equity Share Capital	1,645,016,944	1,645,016,944	1,642,516,944
Reserve and Surplus	13,136,676	8,303,711	17,028,243
Non-Current Liabilities			
Loans	135,708,116	139,816,484	153,237,508
Current Liabilities			
Short Term Borrowings	268,770,400	133,140,147	27,985,187
Sundry Creditors & Other Payables	163,170,216	82,544,630	135,193,268
Provisions	5,980,402	1,972,020	9,219,832
	2,231,782,754	**2,010,793,936**	**1,985,180,982**

UNAUDITED INCOME STATEMENT (Quaterly)

For the period ending 1st Baishakh 2080 to 31st Ashadh 2080

Fourth Quarter of Fiscal Year 2079/80

Particulars	This Quarter FY 2079-80	Previous Quarter FY 2079-80	Corresponding Quarter FY 2078-79
Revenue	46,829,229	29,141,467	49,177,377
Less: Direct Expenses	26,504,928	19,183,933	32,311,881
Gross Profit	**20,324,301**	**9,957,534**	**16,865,496**
Administrative Expenses	9,033,227	8,323,952	12,352,006
Profit from Operation	**11,291,074**	**1,633,582**	**4,513,490**
Less:			
Financial Expenses	2,516,242	11,291,091	5,748,683
Financial Expenses- IDC Written Back	(11,293,015)	-	-
Depreciation	15,501,881	14,769,490	19,964,850
Add:			
Other Income	126,364	345,000	506,700
Profit Before Tax	**4,692,330**	**(24,081,999)**	**(20,693,343)**
Add: Provision Written Back	140,635	1,177,191	3,046,124
Add: Provision For CSR	-	-	209,965
Net Profit after Tax	**4,832,965**	**(22,904,808)**	**(17,437,255)**
Other Reserves			
Balance transferred to Balance Sheet	**4,832,965**	**(22,904,808)**	**(17,437,255)**

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.

2) The figures for previous quarter have been restated, regrouped whereever necessary which might vary from previous quarter published figure.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित

अनुसूची १४

आ.व. २०७९/०८० चौथो (आषाढ मसान्त) त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण:

(क) आ.व. २०७९/०८० को चौंथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तिय विवरणहरू :

प्रति शेयर आम्दानी रु.०.१४ (वार्षिकिकरण)	प्रति शेयर नेटवर्थ रु. १००.७१
प्रति शेयर कूल सम्पत्तिको मूल्य रु.१३५.५४	मूल्य आम्दानी अनुपात (PE Ratio): – १२७०.७१

२. व्यवस्थापकीय विष्लेशण :

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालको घटनाहरू:

क. तल्लो इन्द्रावति जल विद्युत आयोजना

तल्लो इन्द्रावती जलविद्युत आयोजन (४.५ मेगावाट) को सर्वेक्षण अनुमति पत्र प्राप्त भए पश्चात सो आयोजनाको प्राविधिक तथा वातावरणीय अध्ययन समाप्त भइसकेको छ । उक्त आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement) सम्पन्न भइ निर्माण अनुमति पत्र समेत प्राप्त भएको छ। यो आयोजनाको भत्किएका सुरुङ्ग तथा अन्य संरचनाहरूको पुन: निर्माण कार्य सम्पन्न भएको छ । आयोजना निर्माणको लागि सिभिल काम तथा विद्युतीय उपकरण खरिदको लागि टेन्डर प्रकृया अगाडी बढाइएको छ । वित्तीय व्यवस्थापनकोलागि विभिन्न संस्थाहरूसँग प्रकृया अगाडी बढाइएको छ। सुनकोशी हाइड्रो पावर कम्पनी लि.को प्राप्ति पश्चात सो कम्पनीले तल्लो इन्द्रावती जलविद्युत आयोजनमा गरेको सम्पूर्ण लगानीलाई Project Work in Progress (WIP) मा रकमान्तर गरिएको छ ।

ख. साधारण शेयर वापत भुक्तानी प्राप्त नभएको (calls in arrears) रकमको व्यवस्थापन गर्ने

कम्पनीको शेयर सूचीकृत गर्दाको बखत देखिकै कम्पनीको हिसाब तथा शेयर रजिष्ट्रार (RTS) को अभिलेखको विश्लेषण गर्दा कम्पनीको रु.१००।- प्रति कित्ताको २२,४७० कित्ता साधारण शेयर वापत जम्मा रु.७,२५,०००।- को आंशिक भुक्तानी मात्र प्राप्त भएको देखिएकोले कम्पनीको हिसाबमा रु.१५,२२,०००।- भुक्तानी प्राप्त नभएको (calls in arrears) देखिँदै आएकोले सोको व्यवस्थापन गर्नको लागि प्रकृया अगाडी बढाइएको छ ।

ग. हकप्रद शेयरको सम्बन्धमा

कम्पनीको २५औं साधारणसभा र विशेष साधारणसभाले बोनश शेयर तथा सुनकोशी हाइड्रोपावर कम्पनीको प्राप्ति पश्चात कायम हुने चुक्ता पूँजी को ५० प्रतिशत (अर्थात १०:५ को अनुपातमा) हकप्रद शेयर जारी गर्न स्वीकृति प्राप्त गरेकोमा सोको लागि विद्युत नियमन आयोग तथा नेपाल धितोपत्र बोर्डबाट समेत स्वीकृति प्राप्त भई सो हकप्रद शेयरको लागि आवेदनको पकृया समाप्त भइ उठेको रकमको बाँडफाँड लगायत अन्य कामहरू प्रकृयामा रहेको छ ।

घ. उज्यालो इनर्जि सोल्युसन प्रा.लि. : यस कम्पनीले उज्यालो इनर्जि सोल्युसन प्रा.लि.मा ७५ प्रतिशत शेयर धारण गर्ने सम्बन्धमा सो कम्पनीसँग मिति २१ अक्टोबर २०२२ मा सम्झौता सम्पन्न गरी सो कम्पनीले प्रवर्द्धन गर्दै आएको ३६ मेगावाटको लिखु जल विद्युत आयोजानको अध्ययनमा यस कम्पनीले अगुवाइ गरिरहेको अवस्था छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

(क) यस कम्पनीले काठमाडौं जिल्ला अदालतमा दायर गरेको मुद्दा मात्र विचाराधिन अवस्थामा रहेको छ ।

४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण :

अधिकतम मूल्य	रु. २४२.००	कुल कारोबार दिन	६२
न्यूनतम मूल्य	रु. १६५.१०	कुल कारोबार संख्या	२१,७२८
समिक्षा अवधिको अन्तिम मूल्य	रु. १७७.९०	कुल कारोबार शेयर संख्या	५१,२१,९००

५. समस्या, चुनौतिहरू तथा रणनीतिहरू :

क. लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.: यस कम्पनीको लगानी रहेको लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.को तल्लो इर्खुवा जल विद्युत आयोजना, १४.१५ मेगावाट, (भोजपुर) मा सुरुङ्ग उत्खनन्को काम सम्पन्न भई सकेको छ । त्यसैगरी अन्य सिभिल संरचना निर्माणको काम सुचारु छ । विद्युतीय मेशिन तथा उपकरणहरू तथा हाइड्रो मेकानिकल उपकरणको ठेक्का सम्झौता सम्पन्न भई इलेक्ट्रो मेकानिकल सामाग्रिको कारखानामा Factory Acceptance Test समेत सम्पन्न भई, सामान आयोजनास्थल पुग्ने क्रममा छ। कुल कामको करिब ७० प्रतिशत सम्पन्न भई सकेको छ । यस आयोजनाको वित्तीय व्यवस्थापनको लागि मिति २०७७/१०/२१ मा माछापुच्छ्रे बैंक लि.को अगुवाईमा नेपाल एस बि आई बैंक लि. र ज्योति बिकास बैंक लि.सँग ऋण सम्झौता गरिएको र सो सम्झौता अनुसार ऋण प्रवाह समेत भइरहेको छ। यस कम्पनीले अन्य उपयुक्त नयाँ जल विद्युत आयोजना साझेदारीमा विकास गर्न विभिन्न इजाजतपत्र प्राप्त व्यक्ति तथा संस्थाहरूसँग वार्ता गरिरहेको छ ।

६. संस्थागत सुशासन :

यस कम्पनीले संस्थागत सुशासनलाई सदैब उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषणा :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्न आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।